# अनिवार्य नेपाली

पाठघण्टा :३०
पूर्णाङ्क :२०
उत्तीर्णाङ्क: ८

१. परिचयः

यो पाठ्यांश व्यावसायिक तालिम तथा प्राविधिक शिक्षा परिषद् अन्तर्गतको स्वास्थ्य विज्ञानमा प्रवीणता प्रमाणपत्र उत्तीर्ण गरिसकेका विद्यार्थीहरूका लागि उच्च माध्यामिक तहको समकक्षता प्राप्त गरी र स्नातक तह अध्ययन गर्नका लागि तयार पारिएको पूर्वावश्यक (सम्वर्धित) पाठ्यक्रम हो । स्नातक तहमा अध्ययन गर्न चाहिने भाषिक ज्ञान र सीपहरूको समायोजन गरी यो पाठ्यक्रम तयार पारिएको छ । नेपालीका कारकहरूको पहिचान र अभ्यास, नेपालीका आधारभूत वाक्यहरूको पहिचान र रचनाप्रकिया, पाठहरूका मुख्य बुँदा टिप्ने अभ्यास, व्यावहारिक लेखनअन्तर्गत पत्ररचना, अनुच्छेद-रचना तथा उपन्यासको आस्वादन, अध्ययन र समीक्षणका लागि उपन्यास विधालाई यस पाठ्यक्रममा समावेश गरिएको छ ।

२. साधारण उद्देश्य :

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू वाक्य रचना, बोध, रचनाशिल्प तथा समीक्षा गर्न सक्षम हुनेछन् ।

३. विशिष्ट उद्देश्य :

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्न लिखित कुराहरूमा सक्षम हुनेछन् :

१. वाक्यतत्त्वहरूका आधारमा विभिन्न किसिमका वाक्यहरूको पहिचान, निर्माण र प्रयोग गर्न,
२. स्वास्थ्यविज्ञानसँग सम्बद्ध पाठ्यांश पढी बुँदा टिपोट गर्न ।
३. विभिन्न ढाँचा र शैलीका अनुच्छेदहरूको रचना गर्न ।
४. व्यावहारिक पक्षसँग सम्बद्ध विभिन्न किसिमका पत्रहरूको रचना गर्न ।
५. स्वास्थ्यविज्ञानका विषयहरू माथि टिप्पणी तथा प्रतिवेदन लेख्न ।
६. विभिन्न प्रकारका सूचना र विज्ञापनहरू लेख्न ।
७. तोकिएका विषय (विषयवस्तु, पात्र, परिवेश,सन्देश, शीर्षक भाषाशैली) मा आधारित भई उपन्यासको समीक्षा गर्न ।

४. पाठ्यवस्तु :

एकाइ १. वाक्यतत्त्व र वाक्यान्तरण

क) कारक : परिचय,प्रकार,पहिचान र प्रयोगको अभ्यास ।

ख) वाक्य : सरल, मिश्र र संयुक्त वाक्यहरूको परिचय, पहिचान, प्रकार र प्रयोग अभ्यास ।

एकाइ २. बुँदा टिपोट

स्वास्थ्यविज्ञान विषयमा आधारित भई बुँदा टिपोट गर्ने अभ्यास ।

एकाइ ३. अनुच्छेद रचना

स्वास्थ्य विज्ञानका विषयहरू विभिन्न ढाँचा र शैलीका अनुच्छेदहरूको रचना अभ्यास ।

एकाइ ४. पत्ररचना

कार्यालयीय, व्यावसायिक, सिफारिस र व्यक्तिगत पत्रको चिनारी र लेखन अभ्यास ।

एकाइ ५. सूचना र विज्ञापनलेखन

स्वास्थ्यक्षेत्रका विभिन्न प्रकारका विज्ञापन एवं विज्ञापनहरूको लेखन अभ्यास ।

एकाइ ६. कृति समीक्षा :

विषयवस्तु,पात्र,परिवेश,सन्देश,शीर्षक र भाषाशैलीका आधारमा 'बसाइँ' उपन्यासको समीक्षा गर्ने अभ्यास ।

एकाइ ७. टिप्पणी र प्रतिवेदन लेखन

स्वास्थ्य क्षेत्रमा विभिन्न विषय र समस्यामा आधारित टिप्पणी र प्रतिवेदन लेखन अभ्यास ।

### ५.४. शिक्षण-सिकाइ प्रक्रिया :

- स्वास्थ्य विज्ञानसम्बन्धी विभिन्न प्रकारका अनुच्छेद दिई वाक्य-पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउने । यसरी अभ्यास गराउँदा छलफल, अभ्यास, नमूना प्रस्तुति, परियोजना कार्य गराई वाक्य-रचनामा सक्षम बनाउने ।

- बुँदाटिपोट, अनुच्छेद रचना, प्रतिवेदन लेखन र टिप्पणी लेखनको शिक्षण गर्दा सर्वप्रथम शिक्षकले नमुना प्रस्तुत गरी यी विषयको सीपमा अभ्यस्त गराई त्यसका आधारमा ढाँचा तयार पार्न लगाउने र विभिन्न शीर्षक दिई अनुच्छेद रचना, प्रतिवेदन र टिप्पणी लेख्न लगाउने । यसरी लेखन गराउँदा छलफल, गृहकार्य परियोजना, कक्षा प्रस्तुति जस्ता विषयमा जोड दिई विद्यार्थी केन्द्रीत विधिको प्रयोग गर्ने ।
- 'बसाइँ' उपन्यासको शिक्षण गर्दा उपन्यास पठन, प्रमुख चरित्र पहिचान, परिवेश पहिचान, शीर्षक सार्थकता आदिका बारेमा खोज गर्न लगाउने र अन्त्यमा शिक्षकले यी विषयका बारेमा छलफल गराई अन्तिम टिप्पणी गरिदिने ।

### ६. मूल्याङ्कन

- कारकबाट कारकको पहिचान,वाक्यरचना वा अनुच्छेद रचना सम्बन्धी प्रश्नहरू सोधिनेछन् ।
- वाक्यबाट वाक्यरचना, सन्दर्भ पाठमा परेका वाक्यको पहिचान र सरल, मिश्र र संयुक्त वाक्यरचना र वाक्यान्तरण सम्बन्धी वा विभिन्न प्रकारका वाक्यहरू प्रयोग गरी अनुच्छेद रचना गर्न लगाउने ।

- १५० शब्दसम्मको निर्दिष्ट अनुच्छेद दिई मुख्य-मुख्य पाँचओटा बुँदाहरू टिपोट गर्न लगाउने ।
- कुनै एक विषय दिई १५० शब्दसम्मको टिप्पणी लेख्न लगाउने ।
- कार्यालयीय, व्यावसायिक, सिफारिस वा व्यक्तिगत पत्रमध्ये कुनै एक प्रकारको पत्ररचना गर्न लगाउने ।
- सूचना र विज्ञापनमध्ये कुनै एकको नमुना लेख्न लगाउने ।
- तोकिएका कुनै एक पक्षमा आधारित भई 'बसाइँ' उपन्यासको समीक्षा गर्न लगाउने ।

## ७. विशिष्टीकरण तालिका

| विषयवस्तु | प्रश्नका किसिम | अङ्कभार | प्रश्नसङ्ख्या |
|---|---|---|---|
| १.वाक्य र वाक्यान्तरण | पहिचान वा वाक्यरचना वा सम्वन्धित कारक वा वाक्यहरूको प्रयोग गरी पाँच वाक्यमा अनुच्छेद रचना | ५ | ५ |
| २.सूचना,विज्ञापन वा चिठी वा बुँदाटिपोट | कुनै एउटा सूचना, वा विज्ञापन अथवा पत्र रचना र १५० शब्दसम्मको टिप्पणी मध्ये एक प्रश्नको उत्तर दिन लगाउने | ५ | २ |
| ३.प्रतिवेदन र टिप्पणी | कुनै एक विषयमा १५० शब्दसम्मको प्रतिवेदन अथवा टिप्पणी लेखन (टिप्पणी वा प्रतिवेदन मध्ये कुनै एक गर्नुपर्ने) | ५ | २ |
| ४.कृति समीक्षा | विषयवस्तु, पात्र, परिवेश,सन्देश, शैली वा शीर्षकमा आधारित भई कुनै एउटा प्रश्नको उत्तर लेखन | ५ | १ |

पाठ्यपुस्तक :

पाठ्यपुस्तक उच्च माध्यामिक शिक्षा परिषद्ले तयार पार्नेछ ।

सन्दर्भ पुस्तक :


१. लीलबहादुर क्षत्री **बसाइँ** ललितपुर : साझा प्रकाशन,

२. माधवप्रसाद पोखरेल र अन्य अनिवार्य नेपाली काठमाडौं, बुद्ध एकेडेमिक पब्लिकेशन ( २०६४) (सम्बद्ध अंश मात्र)

३. डा. हेमाङ्गराज अधिकारी **प्रयोगात्मक सरल नेपाली व्याकरण** काठमाडौं

४. लालनाथ सुवेदी **नेपाली बोध र रचना कौशल** काठमाडौं : हिमालय बुक्स स्टल (सम्बद्ध अंश मात्र)

५. मोहनराज शर्मा **शब्द रचना र वर्णविन्यास** काठमाडौं, काठमाडौं पुस्तक भण्डार ।